मानिस आफ्नो ईश्वर देखि सबैभन्दा नजिक सजदा गर्दाको हालतमा हुँदा हुन्छ । त्यसैले (सजदामा) धेरै प्रार्थना गर्नु।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ : " मानिस आफ्नो ईश्वर देखि सबैभन्दा नजिक सजदा गर्दाको हालतमा हुँदा
हुन्छ । त्यसैले (सजदामा) धेरै प्रार्थना गर्नु।" [सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) भन्नुहुन्छ, सेवक जब सजदामा हुन्छ, तब ऊ आफ्नो परमेश्वर को सबैभन्दा नजिक हुन्छ, किनभने सेवकले आफ्नो शरीरको सबैभन्दा उच्च र सम्मानजनक भागलाई भुइँमा राख्छ र अल्लाहको अगाडि नम्रता व्यक्त गर्दछ । रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले सज्दाको अवस्थामा सकेसम्म धेरै भन्दा धेरै प्रार्थना गर्न आदेश दिनुभएको छ, ताकि व्यक्तिले अल्लाहसामु शब्द र कार्य दुवै मार्फत आफ्नो नम्रता व्यक्त गरोस् ।

https://sunnah.global/hadeeth/ne/show/5382